# कुमाख गाउँपालिका

## खण्ड १) सल्यान, २०८१ साल (संख्या १)

## भाग –१ कुमाख गाउँपालिका

कार्यपालिका स्विकृत मितिः २०८०।११।२५ गते

प्रमाणिकरण मितिः २०८०।१२।०४ गते

**विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको कामकाज सरुवा सम्बन्धि कार्यविधि २०८०**

**<u>प्रस्तावनाः</u>** शिक्षण पेशा बालवालिकाको भविष्य र समाजको ऐनाको रुपमा रहेको पेशा हो । यसलाई मर्यादित जिम्मेवार र सम्मानजनक पेशाको रुपमा स्थापित गर्दै बालवालिकाको शिक्षामा पहुँच, गुणस्तर सुधार गर्दै लिने र शिक्षकहरुलाई पनि फरक फरक विद्यालयको कार्यअनुभव गराउदै पेशागत दक्षता हाँसिल गर्न वाञ्छनीय भएकोले,

स्थनीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा भएको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धि अधिकारलाई व्यवस्थित गर्न कुमाख गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

**<u>१.संक्षिप्त नाम र प्रारम्भ</u> (१)** यो कार्यविधिको नाम विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीहरुको कामकाज सरुवा सम्बन्धि कार्यविधि २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२. परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा,

(क) केन्द्र भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्र सम्झनु पर्छ ।

(ख) मन्त्रालय भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ सो शब्दले प्रदेशको शिक्षा हेर्ने मन्त्रालय समेतलाई जनाउँछ ।

(ग) कार्यक्रम कार्यविधि भन्नाले विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको कामकाज सरुवा सम्बन्धि कार्यविधि २०८० सम्झनु पर्छ ।

(घ) समिति भन्नाले कुमाख गाउँपालिकाको शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) विद्यालय भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत प्राप्त सामुदायिक वा सार्वजनिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) कार्यालय भन्नाले कुमाख गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(छ) शाखा भन्नाले कुमाख गाउँकार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउछ ।

(ज) अध्यक्ष  भन्नाले कुमाख गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(झ) उपाध्यक्ष भन्नाले कुमाख गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ञ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कुमाख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ट) शाखा प्रमुख भन्नाले कुमाख गाउँकार्यपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु  पर्छ ।

(ठ) कामकाज सरुवा भन्नाले खटिएकै विद्यालयबाट वा पदस्थापना भएको विद्यालयबाट तलबभत्ता खाने गरी कुमाख गाउँपालिकाभित्रको कुनै विद्यालयमा अर्को व्यवस्था नभएसम्मको लागि गरिएको सरुवा सम्झनु पर्दछ ।

(ड) शिक्षक भन्नाले कुमाख गाउँपालिकाभित्र संचालित विद्यालयमा प्रधानाध्यापक पदमा कार्यरत शिक्षक तथा स्थायी, स्वीकृत दरबन्दीका अस्थायी करार, राहतअनुदान, शिक्षण सहयोग अनुदान, गाउँपालिका अनुदान कोटा र बालविकास सहजकर्ताको रुपमा कार्यरत शिक्षक समेतलाई जनाउँछ ।

(ढ) विद्यालय कर्मचारी भन्नाले विद्यालयको लेखा सम्बन्धि काम गर्ने कर्मचारी र विद्यालयमा सहयोगिको रुपमा कार्यरत कर्मचारीलाई जनाउँछ ।

## परिच्छेद-२

## कामकाज सरुवा  सम्बन्धि व्यवस्था

**३. सरुवा गर्ने आधारहरुः** (१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई देहायको अवस्थामा कामकाज सरुवा गर्न सकिनेछ ।

(क) आफ्नो पेशामा जानीजानी लापरबाही गरेमा

(ख)  अध्यापन गरेको विषयमा ५० प्रतिशत विद्यार्थी उतिर्ण नभएमा

(घ) पाठ्यक्रमले तोकेका  सक्षमता परीक्षण गर्दा कम्तिमा ६० प्रतिशत विद्यार्थीले न्युनत्तम तहगत र विषयगत सक्षमता हाँसिल गर्न नसकेको पाइएमा

(ङ) परीक्षाको मर्यादा भंग हुने कुनै पनि कार्य गरेमा वा गर्न लगाएमा

(च) पटक पटक शिक्षकले पालन गर्नुपर्ने नियम कानुनको उलंघन गरेमा

(छ) विद्यालयको शैक्षिक गतिविधिमा बाधा पार्ने गरी अन्य गतिविधि गरेमा

(ज) तोकिएको जिम्मेवारी पूरा नगरेमा

(झ) एउटै विद्यालय अविछिन्न रुपमा तीन बर्षसम्म कार्यरत शिक्षक/ कर्मचारी ।

*स्पष्टीकरणः अन्य गतिविधि भन्नाले विद्यालयको पठनपाठन समयमा अध्ययन अध्यापनलाई छोडेर दलगत राजनीतिक क्रियाकलापमा भाग लिएको, व्यपार व्यवसाय, जात्रा, महोत्सव, भेला, कचहरी, जाँड, रक्सि, जुवातास वा यस्तै प्रकृतिका झैझगडा, उच्छृङखल कार्य, सोसल मिडियाको दुरुपयोग समेतलाई सम्झनु पर्छ ।*

उपदफा ३ मा जुनसुकै कुरा उल्लेख भएतापनि सरुवा गर्नु पूर्व निज शिक्षक/ कर्मचारीलाई एक पटकलाई सुध्रिने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

**४. सरुवा प्रक्रियाः** (१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको कामकाज सरुवा देहाय बमोजिम हुनेछ ।

(२) विद्यालयमा कार्यरत कुनै शिक्षक तथा कर्मचारीले दफा ३ को उपदफा १ बमोजिमका गतिविधि गरेको पाइएमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कामकाज सरुवा गर्न सक्नेछ ।

## परिच्छेद -३

## सरुवा व्यवस्थापन

**५. कामकाज सरुवाः** (१) कुनै विद्यालयको शिक्षक तथा कर्मचारीलाई गाउँपालिकाभित्रको कुनै विद्यालयमा कामकाज सरुवा भए पश्चात देहाय बमोजिम सरुवा व्यवस्थापन हुनेछः

(२) निजले नियमानुसार पाउँने तलब भत्ता र प्रचलित कानुनअनुसार पाउने सेवा सुविधा सरुवा भएको विद्यालयबाट वा साविक पदस्थापन भएको विद्यालयबाट निजलाई मर्का नपर्ने गरी व्यवस्थापन गरिनेछ ।

(३) निज शिक्षक तथा कर्मचारीको पद सरुवा पश्चात रिक्त भएमा विद्यार्थीको पठनपाठनमा कुनै असर नपर्ने गरी अर्को विद्यालयबाट शिक्षक व्यवस्थापन गरिनेछ ।

(४) सरुवा भएको शिक्षकले सरुवा गरीएको विद्यालयमा तीन बर्ष समय व्यतित गर्नुपर्नेछ ।

(५) सरुवा गरिएको शिक्षक /कर्मचारीलाई हाजिर गराउनु सम्बन्धित विद्यालयको दायित्व हुनेछ । यदि सरुवा गरिएको शिक्षक/ कर्मचारीलाई हाजिर नगराउने प्रअ, विद्यालय व्यवस्थापन समितिलाई आवश्यक कारबाही गरिनेछ ।

(६) सरुवा गरिएको शिक्षक/ कर्मचारीले बाटाको म्याद बाहेक तीन दिनभित्र हाजिर भईसक्नु पर्नेछ । हाजिर हुन नजाने शिक्षक /कर्मचारी र हाजिर नगराउने विद्यालय व्यवस्थापन समिति, प्रअलाई आवश्यक कारबाही गरिनेछ ।

(७) सरुवा गरिएको शिक्षक/कर्मचारीलाई दुरीको आधारमा सरुवा हुदाका बखत दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद -४

## काज सरुवा सम्बन्धि विशेष व्यवस्था

६. **विशेष व्यवस्थाः** (१) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सरुवा प्रक्रियामा देहाय बमोजिमको व्यवस्था लागु हुनेछ ।

(क) अवकाश हुन एक वर्ष मात्र बाँकी रहेको शिक्षक/ कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(ख) कुनै शिक्षक कर्मचारीले आफू कार्यरत विद्यालयबाट अर्को विद्यालयमा स्व ईच्छाले सरुवा हुन पाउँ भनि निवेदन दिएमा र आउने जाने दुवै विद्यालयको त्यसमा सहमति भएमा निजलाई तत्काल सरुवा गरिनेछ ।

(ग) गर्भवती , सुत्केरी , अपाङग शिक्षक/ कर्मचारी हकमा यो व्यवस्था लागु हुनेछैन ।

(घ) कामकाजमा सरुवा भएको शिक्षक तथा कर्मचारीले खटिएको विद्यालयमा एक बर्षमै आफ्नो उत्कृष्ठ सीप तथा कार्यसम्पादन गरेमा निज शिक्षकको कामकाज सरुवा गाउँपालिकाले फिर्ता गर्न सक्नेछ ।

(ङ) शिक्षक तथा कर्मचारीहरुको कामकाज सरुवा शैक्षिक सत्रको पहिलो महिना भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

(च) विद्यालयको पठनपाठन बाहेक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई अन्य काममा लगाइने छैन ।

(छ) एउटै विद्यालयमा समान तहको एउटै विषयको शिक्षक दुई भन्दा बढी भएमा त्यस्तो दरबन्दी अपुग भएको विद्यालयमा पठाइनेछ ।

(ज) प्राथमिक/ निम्न माध्यमिक तहमा नियुक्ति लिई उच्चत्तम शैक्षिक योग्यता हाँसिल गरेको शिक्षकलाई निम्न माध्यमिक/ माध्यमिक तहमा दरबन्दी संख्या अपुग भएको विद्यालयमा पठनपाठन गर्न खटाउन सकिनेछ ।यसरी खटाउदा निजलाई प्रति पिरियडको हिसाबले तोकिएको प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

## परिच्छेद- ४ विविध

**<u>७. कार्यविधि संशोधनः</u>** यो कार्यविधिमा कार्यन्वयनको क्रममा कुनै द्विविधा भएमा वा कार्यविधिमा उल्लेखित विषयवस्तु अस्पष्ट भएमा गाउँकार्यपालिकाले यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**<u>८. बाझिएमा अमान्य हुनेः</u>** यस कार्यविधिको कुनै पनि व्यवस्था प्रचलित कानुन सँग बाझिएमा वा बाझिएको हदसम्म यो कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।